# नेपाल धितोपत्र बोर्ड

सुपरिवेक्षण तथा अनुसन्धान विभाग
नीति, अनुसन्धान तथा योजना महाशाखा
जावलाखेल, ललितपुर ।

## धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी आ.व. २०७७।७८ को नीति तथा कार्यक्रमका लागि सल्लाह/सुझाव सम्बन्धमा।

नेपालको धितोपत्र तथा वस्तु विनिमय बजार(बजार)को विकास तथा विस्तारका लागि बोर्डको नियमन तथा सुपरिवेक्षण क्षमता अभिबृद्धि गर्दै बजारलाई स्वच्छ, दिगो, पारदर्शी र अत्याधुनिक बनाउंदै लैजानुपर्ने अवस्था छ । बोर्डबाट बजार सम्बन्धी नीति तथा कार्यक्रम तयार गर्दा सरोकारवाला पक्षहरुसँग समेत सल्लाह सुझाव लिई तर्जुमा गर्नुका साथै सोको सार्वजनिकीकरण गर्ने गरिएको छ । यसै परिप्रेक्ष्यमा बोर्डबाट आगामी आ.व. २०७७।७८ का लागि धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रमको मस्यौदा कार्य भैरहेको जानकारी गराउँदै सम्बन्धित सबै सरोकारवालाहरूलाइ बजारको विकास, विस्तार तथा सुधारका लागि आफनो सल्लाह तथा सुझाव भए यही मिति २०७७।०२।०९ गते भित्र बोर्डको इमेल research@sebon.gov.np मा उपलब्ध गराउनहुनका लागि अनुरोध गरिन्छ ।